Pan No. 600904621

D.A.O. Redg. No. 385
S.W.C. Regd. No. 36048

NEPAL NATIONAL ENTREPRENEURS TOURISM ASSOCIATION
नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन

मिति: २०८२ बैसाख ८ गते

माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री, श्री विष्णु प्रसाद पौडेलज्यू,
अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

**विषय: पर्यटन क्षेत्रका समस्या समाधान लागि नीति तथा कार्यक्रमा समाबेश गरिनुपर्ने बिश्यहरुका समन्धमा।**

माननीय उपप्रधानमन्त्री ज्यू,

नेपालको समग्र आर्थिक बिकासमा पर्यटन क्षेत्र एक महत्वपुर्ण आधारस्तम्भका रुपमा स्थापित भईसकेको तथा यहालाई अबगत नै छ। रोजगारी सिर्जना बिदेशी मुद्रा आर्जन, ग्रामीण बिकास एबम राष्टिय तथा अन्तराष्ट्रिय समन्ध सुदृढीकरणमा यस क्षेत्रको उल्लेखनिय योगदान रहदै आएको छ।
नीतिमा देखियका अस्पष्टता, आर्थिक चुनौती तथा पूर्वाधारको अभाबले गर्दा हालका दिनमा पर्यटन ब्यबसाय प्रत्यक्ष रुपमा प्रभाबित भइरहेकाले समग्र अर्थतन्त्रमा समेत नकारात्मक प्रभाब परिरहेको छ। यस पृष्ठभूमिमा पर्यटन क्षेत्रलाई पुनार्जिबन दिने र दिर्घकालिन रुपमा दिगो बनाउने उदेस्यले आगामी आर्थिक बर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रममा तपसिलका विषयहरुलाई प्राथमिकताका साथ समावेश गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

तपसिल:

**१ पर्यटन श्रमिकहरुलाई सहजीकरण।**

पदयात्रा पर्यटनमा संलग्न गाइड, पोर्टर, शेर्पा, कुक तथा अन्य श्रमिकहरूको पारिश्रमिकमा लागू गरिएको मूल्य अभिवृद्धि कर (VAT) हटाइनु पर्ने। यसले श्रमिकको जीवनस्तर सुधार गर्न र पर्यटन ब्यबसायलाई तथा दिगो बनाउन मद्दत गर्नेछ।

**२. पदयात्रा गर्दा अनिवार्य नेपाली श्रमिक लैजानु पर्ने व्यवस्था लागु गर्नु पर्ने।**

Nayabazar, Kathmandu, Tel.: 01-4352149, E-mail: nneta2068@gmail.com

बिदेशी पर्यटकहरुले पदयात्रा क्रममा कम्तीमा एक जना नेपाली श्रमिक (गाइड/पोर्टर) अनिवार्यरूपमा लिएर जानु पर्ने व्यबस्था गरिनुपर्छ। यसले रोजगार सिर्जना गर्नुका साथै पर्यटकको सुरक्षा सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

**३. हवाई टिकटमा लगाईएको मूल्य अभिवृद्धि कर (VAT) हटाउनु पर्ने।**

आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकटमा लाग्ने VAT का कारण नेपाल गन्तब्य महँगो बन्न गएको छ। यसले गर्दा प्रत्यक्ष रूपमा पर्यटक आगमनमा नकारात्मक असर परिरहेको छ। अतः हवाई टिकटमा लाग्ने VAT हटाइनु जरुरी छ।

**४. निषेधित क्षेत्र प्रवेशका लागि एकल पर्यटकलाई सुविध दिनु पर्ने ।**

बिदेशी पर्यटकले निषेधित क्षेत्रमा पदयात्रा गर्दा कम्तीमा दुई पर्यटक अनिवार्य हुनु पर्ने प्रावधानले एकल पर्यटकलाई सेवा दिन असहज भएको छ। यस प्रावधानलाई संशोधन गरी एकल पर्यटकलाई पनि अनुमति दिने व्यवस्था गरिनुपर्छ। साथै, निषेधित क्षेत्रभित्र बिदेशी पर्यटकहरु बिरामी परेको खण्डमा हेलिकप्टर उद्धार गर्दा अनिबार्य नेपाल प्रहरी लियर जानु पर्ने व्यवस्थाले गर्दा उद्धारमा ढिलाई हुने जसको कारण पर्यटकको ज्यानै जान सक्ने हुन्छ उक्त प्रक्रियालाई संसोधन गरिनु आबस्यक छ !

**५. नेपाल वायुसेवा निगमको सुधार !**

नेपाल वायुसेवा निगमलाई कम्पनी मोडेलमा रूपान्तरण गरी निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय एयरलाइन्ससँग सहकार्य गर्दै यसको व्यवस्थापन सुधार गर्न आवश्यक छ। यसले निगमको सेवा गुणस्तर, कार्यक्षमता, र प्रतिस्पर्धात्मक क्षमतामा उल्लेखनीय वृद्धि गर्नेछ।

प्रभावकारी रूपमा उडान संचालन गर्नका लागि आवश्यकता अनुसार विमानहरू भाडामा लिएर नयाँ गन्तव्यहरूमा नियमित उडानको व्यवस्था गर्नु आवश्यक छ।

त्यसका साथै, हालै मन्त्रीपरिषदबाट पारित "नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी विधेयक" लाई यथाशीघ्र संसदबाट पारित गराउन विशेष पहल गर्नुपर्छ, ताकि नेपाललाई International Civil Aviation Organization (ICAO) र European Union (EU) को कालोसूची (blacklist) बाट हटाउन पहल गर्नु पर्ने !

**६. पर्यटक सवारी साधनको छुट्टै पहिचान र Tourist Bus park को व्यवस्था गरिनु पर्ने।**

पर्यटक प्रयोजनका सवारी साधनहरूको लागि छुट्टै बस पार्कको ब्यबस्था गरिनु पर्ने र पर्यटक सबारी साधनमा 'इम्बोस्ट' नम्बर जडान गर्दा नम्बर प्लेटमा छुट्टै पहिचानको व्यवस्था गर्नुपर्ने। यसका लागि बजेटमा विशेष व्यवस्था गरिनु पर्ने।

**७. MICE Tourism को प्रवर्द्धन।**

भारतीय पर्यटकलाई लक्षित गर्दै MICE (Meetings, Incentives, Conferences, and Exhibitions) पर्यटनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक संरचना निर्माण तथा प्रबर्द्धनका लागि बजेटको ब्याबस्था गर्नुपर्ने ।

**८. हिमालको महत्व र वातावरण संरक्षण सम्बन्धी शिक्षा।**

जलवायु परिवर्तनको प्रभाव र नेपालको हिमाली सम्पदाको महत्वलाई माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्नुपर्छ। यसले वातावरणीय सचेतना र संरक्षणमा नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्नेछ। यसबाट युवा पुस्ता लाबन्नित हुनेछन र बिदेशियका युवाहरुले पर्यटन क्षेत्रमा आफ्नो भबिष्य निर्माण गर्न सक्ने बाताबरण निर्माण गर्न सकिने छ।

**९. पोखरा र भैरहवा बाट नियमित अन्तर्राष्ट्रिय उडानको पहल।**

पोखरा र भैरहवा विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्न आवश्यक पूर्वाधार तथा नीति समर्थन गरिनुपर्छ। यसले पर्यटन प्रवाह र क्षेत्रीय विकासमा सहयोग पुर्याउनेछ।

**१०. सीमावर्ती क्षेत्रमा पर्यटन प्रवर्द्धन।**

भारत सँग सीमा जोडिएका क्षेत्रहरूमा 'बोर्डर सिटी' पर्यटन प्रवर्द्धन गर्न विशेष मेलाहरू तथा कार्यक्रमहरू आयोजना गर्नुपर्नेछ। यसले स्थानीय रोजगारी र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्नेछ।जसको लागि बजेटको ब्याबस्थापन गरिनु पर्ने।

**११. G to G पर्यटन प्रबर्धन गर्न बजेटको ब्यबस्था ।**

NEPAL NATIONAL ENTREPRENEURS TOURISM ASSOCIATION
नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन
D.A.O. Redg. No. 385
S.W.C. Regd. No. 36048

भारत र चीनसँग सरकार-देखि-सरकार (G to G) स्तरमा पर्यटन प्रवर्द्धन गर्न नेपाल सरकारले उच्च तहमा पहल गर्नुपर्छ। यस सन्दर्भमा ती देशका प्रतिष्ठित व्यक्तित्वहरू, सेलिब्रेटीहरू, तथा उद्योग क्षेत्रका प्रभावशाली व्यक्तिहरूलाई नेपाल भ्रमणको लागि औपचारिक रूपमा आमन्त्रण गर्न आवश्यक छ। यस पहलको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त बजेट व्यवस्था गर्नु पनि अपरिहार्य छ।

निष्कर्ष:

उपरोक्त प्रस्तावित बुँदाहरू नेपाल पर्यटन क्षेत्रको समग्र सुधार, सन्तुलित विकास र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्न अत्यन्त महत्वपूर्ण छन्। अतः आगामी बजेटमा यिनलाई प्राथमिकताका साथ समावेश गरिदिनुहुन अनुरोध गर्दछौं।

धन्यवाद।

राजेन्द्र प्रसाद सापकोटा
अध्यक्ष, नेपाल राष्ट्रिय पर्यटन व्यवसायी संगठन